म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १७७ सोमबार २२ माघ २०८० ने. सं. ११४४ पोहेलागा 5 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

लागूऔषधसहित एकजना पक्राउ

हेटौंडा, २१ माघ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागूऔषधसहित १ जना भारतीय नागरिकलाई नियन्त्रणमा लिएको छ । लागूऔषध ओनरेक्ससहित भारत मोतिहारी जिल्लाका १७ वर्षीय आरके यादवलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

शनिबार बिहान हेटौंडा-१० बसपार्कमा वीरगञ्जबाट हेटौंडा हुँदै नारायणगढतर्फ जाँदै गरेको ना ७ ख ३५०९ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार यादवको साथबाट ६० पिस ओनरेक्स लागूऔषध बरामद भएको प्रहरीले जनाएको छ । शरीरमा टेपले टाँसेर ल्याएको लागुऔषधसहित यादवलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

कलाकारकै लागि ओइरिँदै दर्शक, मेलामा खरिदबिक्री न्यून

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/पाँचौ मनहरी महोत्सव २०८० मा चर्चित हाँस्य जोडी धुर्मुस-सुन्तली (सीताराम कट्टेल र कुन्जना घिमिरे) ले आइतबार दर्शकलाई पेट मिचीमिची हँसाएका छन् । उनीहरुले समसामयिक सामाजिक विकृति तथा राजनीतिक विकृतिविरुद्ध व्यङ्ग्य गरेका थिए ।

देश बिग्रँदै गएको, युवा विदेश जानुपर्ने बाध्यता सिर्जना भएको तथा देशलाई नेतृत्व गर्न नयाँ मान्छे आवश्यक रहेको भाव झल्किने प्रहसन प्रस्तुत गरेका थिए । मौलिक गाउँले शैलीको प्रहसन हेर्नका लागि बालबालिकादेखि बृद्धबृद्धा समेत महोत्सवस्थलमा झुम्मिएका थिए । धुर्मुस-सुन्तलीसँगै महोत्सवमा नेपालकै पहिलो चेपाङ गायक रविनकुमार चेपाङ, उर्मिला प्रजा, मोडल पवन चेपाङ र शुक्र महर्जन, आरती प्रजालगायतले प्रस्तुति दिएका थिए । माघ २२ गते चर्चित गायिका भूमिका गिरी, सुमिना लो, गीता योन्जन, अबिराम मुक्तानले प्रस्तुति दिने तयारी छ भने स्थानीय रुपमा अनिल सुनार, उर्मिला परियारलगायतको प्रस्तुति रहनेछ ।

मेलामा भएको ब्यापार र रकम उल्लेख गरेर समाचार लेख्दा कर कार्यालयले आयोजकको घाँटी समाउने भएका कारण क्लाकारको प्रस्तुतिको बढी हाइलाईट गरिन्छ । मेलामा नयाँ प्रबिधिका बारेमा बहस खासै हुने गरेको छैन । मेलामा आएका दर्शकले पनि सामान किनमेल गर्ने वा सामानका बारेमा बुझ्ने काममा खासै ध्यान दिएका छैनन् । मेलाको लक्ष्य, उद्देश्य भन्दा पनि मेलामा पुगेका दर्शक कलाकार तर्फ आकर्षित हुने गरेका छन् ।

मेलामा मनहरी-३ को स्थानीय उत्पादन च्याउको म:म, छोएला, पकौडा, अचारलगायत परिकार उपभोक्ताले रुचिकासाथ खाएको मेलामा स्टल संचालन गरिरहेका उमेश गौतमले बताए । मेलामा राखिएको च्याउको परिकार प्रदर्शन र उपभोक्तालाई च्याउको नयाँ स्वाद पस्केको गौतमले बताए । स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने कार्यमा मेलाले सहयोग गरेको गौतम बताउँछन् । उपभोक्तालाई पनि च्याउखेती गर्ने प्रविधि र च्याउका धेरै परिकार बनाएर खान सकिन्छ भन्ने जानकारी गराइएको गौतम बताउँछन् । बोसोरहित म:मका रुपमा अर्गानिक च्याउको म:मलाई मेलामा दर्शकले मन पराएको उनले बताए । मुटुरोगी, सुगर, प्रेसरका रोग भएका दीर्घरोगीले पनि यसलाई सेवन गर्न सकिन्छ र यसको कुनै नकारात्मक असर छैनन् भन्ने जानकारी उपभोक्तामा भएको बताइएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिको आयोजनामा माघ १६ गते सुरु भएको महोत्सव माघ २८ गतेसम्म चल्नेछ । महोत्सवमा स्थानीय परिकार र उत्पादनसहित १५० स्टल छन् । स्थानीय माछा, तामा, मास, गहत, दलहन, चेपाङ जातिले जीवनयापनका लागि उपभोग गर्ने गिठ्ठा भ्याकुर, बनकरिया समुदायद्वारा उत्पादित साबुन, कैलाश गाउँपालिकाको तर्फबाट कुरिलोसहितका कृषि उत्पादनका बस्तुहरु, राक्सिराङ गाउँपालिकामा उत्पादित कृषिजन्य बस्तु तथा फापरको सेलरोटीलगायत स्थानीय बस्तुलाई महोत्सवमा प्रबर्द्धन गरिएको छ ।

साथै दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति, विभिन खेलसहितको बालउद्यान, होटल, कपडा, फलामे उत्पादन, इलेक्ट्रोनिक्स सामानसहितका स्टलको व्यवस्थापन गरिएको छ । मेलामा बालबालिकाको ध्यान बालउद्यानतर्फ बढी देखिएको सहभागीहरुले बताएका छन् । बालबालिकाले मेलामा खासै किनमेल भन्दा पनि मनोरञ्जनप्रति बढी ध्यान दिने गरेका छन् । पूर्वपश्चिम राजमार्गमै रहेको मनहरी बजारको छेवैमा जारी महोत्सवमा राजमार्गमा यात्रा गर्ने दर्शक पनि आकर्षण गर्नसक्ने योजना निर्माण गर्नु जरुरी थियो ।

मनहरी आसपासको उत्पादनलाई देशका विभिन्न स्थानमा पुऱ्याउने भिजनसहितको योजना बनाएर यस्ता मेला महोत्सव गर्न सकेको भए अझै प्रभावकारी हुने थियो । किसानले उत्पादन गरेको वस्तुलाई निर्यात गर्न सकियो भने जिल्लाकै आर्थिक विकासमा टेवा पुग्ने थियो । स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न महोत्सवमा नि:शुल्क स्टलको ब्यवस्था नगरिएको सहभागीहरुले बताएका छन् ।

उद्योग, व्यापार, कृषि उत्पादन तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पाँचौं मनहरी महोत्सव-२०८० आयोजना गरिएको हो । वर्षेनी निजी क्षेत्रले बिभिन्न स्थानमा मेला/महोत्सवको आयोजना गर्दै आएका छन् तर, राज्यले गर्नुपर्ने दायित्व के हो भनने कुरा छलफलमै आउन सकेको छैन । राज्यले गर्नुपर्ने काम निजी क्षेत्रले गर्दै आएको छ । मनहरीका ब्यवसायी तथा स्थानीयको सक्रियताले मेला महोत्सव आयोजना गर्दै आएको हो ।

यसप्रकारका मेला महोत्सवले अर्थतन्त्रलाई चलायमान गराउन सक्छ । यतिबेला आर्थिक मन्दीका कारण उपभोक्तासँग क्रयशक्ति छैन । निजीक्षेत्र अहिले आफैं समस्यामा छ तर, पनि यसप्रकारको मेला महोत्सव अयोजना गरिरहेको छ । अर्थतन्त्रलाई चलायमान गराउनु नै महोत्सवको मुख्य उद्देश्य हो । महोत्सवलाई सफल बनाउन आयोजकले कलाकारको सहयोग लिएरै भएपनि लागिपरेको बताइएको छ । कतिपय स्थानमा मेला महोत्सव ठेक्कामा सञ्चालन गरिंदै आएको छ । ठेक्कामा संचालन गरिएका मेला महोत्सवले मेलाको गुणस्तरीयतामा कमी आउँछ ।

मकवानपुर गोल्डकपको सेमिफाइनलमा बागमती

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ सर्लाहीको बागमती युवा क्लब हेटौंडामा जारी छैठौं स्थानीय तह शहिदस्मृति मकवानपुर गोल्डकपको अन्तिम चारमा पुगेको छ ।

गौरीटार रंगशालामा आइतबार बागमतीले आयोजक मकवानपुरलाई पेनाल्टी सुटआउटमा पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको हो । निर्धारित ९० मिनेट २-२ को बराबरी खेलेको बागमती र मकवानपुरको ट्राईब्रेकरमा ४-२ गोल भएको थियो । बागमतीका लागि अभिषेक महतो, आयुष रानामगर, निर्मल बल र अनिल रानामगरले गोल गरे । मकवानपुरको पहिलो प्रहारमै अमित तामाङ चुके । उनले बललाई बार नजिकैबाटै बाहिर पठाएका थिए ।

सुरजन्यू ठकुरीको प्रहारलाई बागमतीका गोलरक्षक रोनक चौलागाईंले उत्कृष्ट बचाउ गरे । मकवानपुरका लागि स्टेफन समिर र अञ्जन विष्टले गोल गरे । दोस्रो हाफमा मैदान छिरेका बागमतीका वैकल्पिक गोलरक्षक चौलागाईं खेलको म्याद अफ दी म्याच चुनिए ।

Man oF The Match
Rupees Ten Thousand Only
Rs. 10,000/-

मकवानपुरले राष्ट्रिय टिमका फर्वाड अञ्जन विष्ट र हिसुब थपलियासँगै तीन विदेशी खेलाडीलाई प्लेइङ सेटमै मैदान उतारेको थियो ।

खेलाडीबीचको तालमेल मिलाउन नसकेको मकवानपुरलाई युवा उमेरका स्थानीय खेलाडीले भरिएको बागमतीले पूरै खेल दबाबमा राखेको थियो । खेलको ४३ औं मिनेटमा बागमतीका अभिलामाले गोल गरेका थिए । स्टेफन समिरले ५५ मिनेटमा गोल गर्दै खेल बराबरीमा ल्याए । दोस्रो हाफमा मैदान प्रवेश गरेका अनिल रानामगरले खेलको ८१ औं मिनेटमा गोल गर्दै बागमतीको अग्रता दोब्बर बनाए । बागमतीको डिफेन्स लाइन तोड्दै अमित तामाङको कर्नर पासमा ८९ औं मिनेटमा स्टेफनले वान टच बललाई जाली चुमाएपछि मकवानपुरको निर्धारित समयमा हार टरेको थियो ।

बागमतीका प्रशिक्षक सुनिल श्रेष्ठले नियमित खेलिरहेका स्थानीय खेलाडीको बलमा खेल जितेको बताए । 'हामीले पाएको मौकालाई खेर फाल्न दियनौं । टिममा राम्रोसँग खेले । स्थानीय खेलाडी नियमित खेलिरहने भएकाले पनि तालमेल मिलेको थियो ।', उनले भने । मकवानपुरका प्रशिक्षक विजयलाल श्रेष्ठले खेलाडीबीचको तालमेल नमिल्दा पराजित हुन परेको बताए । गोल्डकपमा २२ माघ सोमबार सेमिफाइनल प्रवेशका लागि त्रिभुवन आर्मी र रारा फुटबल क्लब, धनकुटाबीच प्रतिस्पर्धा हुनेछ ।

मकवानपुरगढीमा क्रिकेट क्लब

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ राष्ट्रिय क्रिकेट टोलीको एकपछि अर्को सफलताले नेपालमा क्रिकेटको क्रेज बढेको छ । अविभावकहरु मेरो सन्तानलाई क्रिकेट खेलाडी बनाउछु, म खेलाडी बन्छु भन्नेहरुको लर्को नै लागेको छ ।

सायद त्यसैको प्रभाव होला, राम्रो क्रिकेट खेलाडी उत्पादन गर्ने हुटहुटी मकवानपुरगढी गाउँपालिकाका क्रिकेट प्रेमी युवालाई लागेको छ । क्रिकेट खेलाडी बन्न खोज्ने बालबालिकादेखि युवालाई सहयोग गर्ने उद्देश्यले सुवास अधिकारीको अध्यक्षतामा मकवानपुर गढी क्रिकेट क्लब गठन भएको छ ।

शनिबार गठन गरिएको क्लबको उपाध्यक्षमा बिक्रम घिमिरे, सचिवमा रवीन्द्रबिक्रम सापकोटा र कोषाध्यक्षमा सुजन अधिकारी रहेका छन् । त्यस्तै क्लबको सदस्यमा बिदुर हुमागाई, सुनिल पाखिन, अनिष न्यौपाने, सन्तोष न्यौपाने र राजन घिमिरे रहेका छन् । समितिले मकवानपुरगढीको समग्र क्रिकेट विकासमा नेतृत्वदायी भूमिका खेल्नेमा खेलाडी बन्न चाहने बालबालिका आशाबादी छन् । मकवानपुरगढीमा क्रिकेट खेल्न मैदान छैन ।

खेलाडीलाई प्रशिक्षण गराउन र क्रिकेट खेल्न मिल्ने गरी मैदान निर्माणको लागि पहल गरिने अध्यक्ष अधिकारीले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

"Education is the real treasure"
2055 HETAUDA ACADEMY 1998
EDUCATION IS THE REAL TREASURE
25 Years of
Excellence in Education
Celebrating Silver Jubilee
13 days to go
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

हाम्रो कुरा

नगरमै ग्रामीण वडा

१ सय २ वटा वडा रहेको मकवानपुरका अधिकांश क्षेत्र ग्रामीण क्षेत्रको सूचीमा रहेको प्रतिवेदन सार्वजनिक भएको छ । सरकारले सहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या धेरै भएको र सहरीकरण बढेको देखाउनका लागि विकट ग्रामीण क्षेत्रलाई पनि नगरपालिका घोषणा गरेका कारण यस्तो देखिएको उल्लेख छ । मकवानपुरका १ सय २ वडामध्ये जम्मा १२ वटा वडा अर्थात ११.७६४ प्रतिशत मात्र सहरीकरण भएको तथ्यांक सार्वजनिक भएको छ । ११ वटा वडा अर्थात १०.७८४ प्रतिशत सहरोन्मुख र बाँकी ७९ वटा वडा अर्थात ७७.४५ प्रतिशत वडा ग्रामीण वडाको सूचीमा परेका छन् । नगरपालिकामा समाबेश भएका तर, ग्रामीण वडाको सूचीमा रहेका वडाबासीले सरकारलाई तिर्नुपर्ने कर बढी हुने तर, राज्यबाट पाउने सेवासुबिधा भने न्यून हुन्छ । हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १८ र १९ ग्रामीण वडाको सूचीमा छ । सहरोन्मुख वडाको सूचीमा १, ३, ६, १२, १३, १४, १५, १६ र १७ रहेको छ भने वडा नम्बर २, ४, ५, ७, ८, ९, १० र ११ सहरी वडाको सूचीमा रहेका छन् । मकवानपुर थाहा नगरपालिकाको दुईवटा वडा मात्र सहरी वडाको रुपमा सूचीकृत भएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली, काठमाडौंले प्रकाशन गरेको नेपालमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गिकरण प्रतिवेदनमा थाहा नगरपालिकाको २ वटा वडा सहरी क्षेत्रमा वर्गीकृत भएको हो । तथ्यांक कार्यालयले प्रत्येक १०/१० वर्षमा विभिन्न सूचकको आधारमा पालिकाको वडालाई ग्रामीण र सहरी क्षेत्रमा वर्गीकरण गर्ने गरेको छ । सहरी क्षेत्रमा सूचिकृत हुनका लागि आवश्यक पूर्वाधारको पर्याप्तता हुनु जरुरी छ । तर, सरकारले भएभरका ग्रामीण क्षेत्रलाई नगरसँग गाभेर जवर्जस्ती नगर बनाउन खोजेको बताइएको छ । थाहा नगरपालिकाको १ र ६ नम्बर वडा सहरी क्षेत्रमा परेको छ । १२ वटा वडा रहेको थाहा नगरपालिकाको अरु १० वटा वडा ग्रामीण क्षेत्रमा सूचीकृत भएको प्रतिवेदनमा उल्लेख छ । राष्ट्रिय तथ्यांक कार्यालयले जनगणनाको क्रममा लिएको प्रतिव्यक्ति आय, आधारभूत विकासका पूर्वाधारहरुको पहुँच, सूचना तथा सञ्चारको पहुँच, शिक्षा, खानेपानी, सडकलगायतको पहुँचका आधारमा सहरीकरणको सूचीमा समावेश गर्ने गरेको छ । मकवानपुरमा ११ वटा वडा सहरोन्मुख वडामा सूचीकृत भैरहँदा थाहा नगरपालिकामा एउटा पनि वडा सहरोन्मुखको सूचीमा छैनन् । यद्यपि वि.सं. २०६८ को जनगणनामा ग्रामीण नगरपालिकाको रुपमा रहेको थाहा नगरपालिका क्रमश: सहरी पालिकातर्फ उन्मुख भएको भने तथ्यांकले देखाएको छ । थाहा नगरपालिकाको कुल ३८ हजार ८ सय ७० जनसंख्याको ८०.४१ प्रतिशत क्षेत्र ग्रामीण र १९.५९ प्रतिशत सहरी क्षेत्र अर्थात वडा नम्बर १ र ६ मा बसोबास गर्दछन् ।

यसैगरी ५ वटा वडा रहेको इन्द्रसरोवर गाउँपालिका पूर्ण ग्रामीण वडामा रहेको पालिकाको सूचीमा परेको छ । इन्द्रसरोवर गाउँपालिकाको वडा नम्बर १ मार्खु पर्यटकीय हबकै रुपमा परिचित भएपनि यो क्षेत्र समेत राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदनमा ग्रामीण वडाको सूचीमा छ । त्यस्तै मनहरीको एउटा वडा सहरी र दुईवटा वडा सहरोन्मुख क्षेत्रको सूचीमा छ । कालोपत्रे सडक, नाली, विद्युतीय पहुँच, शिक्षा, स्वास्थ्य, संचार, खानेपानी, सिंचाई जस्ता विकासका न्यूनतम पूर्वाधार नभएका वडालाई ग्रामीण वडाको सूचीमा राखिएको हो । मनहरीको ७ नम्बर वडा सहरी, ३ र ८ नम्बर वडा सहरोन्मुख वडामा सूचीकृत छन् । बाँकी ६ वटा वडा ग्राणीम क्षेत्रको सूचीमा छ । यो तथ्यांक अनुसार मकवानपुरकै एकमात्र नगरपालिका थाहा सहरीकरणको सूचकमा मनहरी गाउँपालिका भन्दा पछाडि छ । मकवानपुरगढीको ४ नम्बर वडा सहरी वडाको सूचीमा छ भने बाँकी सबै वडा ग्रामीण वडाको रुपमा रहेको छ । मकवानपुरको इन्द्रसरोवरसहित राक्सिराङ, कैलाश, बागमती, बकैया र भीमफेदी गाउँपालिका शतप्रतिशत ग्रामीण वडा भएको पालिकाको सूचीमा छन् । यि ६ वटा पालिकामा ५४ वटा वडा रहेका छन् ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ २३ गते मंगलबार ६ फेब्रुअरी २०२४ । एकादशी, माघ कृष्णपक्ष । पोहेलागा ११४४ ने.सं. । सूर्योदय ६:५०, सूर्यास्त ५:४७ । षट्तिला एकादशी

आजको राशिफल

मेष	: शत्रु वृद्धि	**तुला**	: साझेदारीकार्यमा सफलता
वृष	: भाग्यबाट सन्तोष	**वृश्चिक**	: वैदेशिक कार्यमा अवरोध
मिथुन	: ऋणभार बढनाले खिन्नता	**धनु**	: सम्पत्तिबाट लाभ
कर्कट	: अनावश्यक झंझट	**मकर**	: मांगलिक कार्यमा मन
सिंह	: गृह कलहमा वृद्धि	**कुम्भ**	: मानसम्मानमा वृद्धि
कन्या	: आर्थिक लाभ	**मीन**	: आर्थिक हानी

संघीयता पक्षधरबाटै खतरामा संघीयता

पीताम्बर शर्मा

केही समययता संघीयताको औचित्य र उपादेयता बारे धेरै प्रश्न उठाइएका छन् । नेपालले संघीय शासन व्यवस्था अंगीकार गरेको आठ वर्ष पूरा भइसकेको सन्दर्भमा यी प्रश्नहरू उठ्नु अस्वाभाविक हैन । यस्ता प्रश्नबाट उठ्ने बहसले संघीयताको हाम्रो अनुभवलाई मूल्याङ्कन गर्न र कमि-कमजोरीहरूलाई परिमार्जन गरेर उद्देश्य अनुरूप संघीयतालाई सबल र जनमुखी बनाउन मद्दत गर्छन् नै । तर अहिलको स्थितिको असमञ्जस के हो भने सुरुदेखि नै संघीयताका पक्षमा वकालत गर्ने राजनैतिक दल र नागरिक समाजका समूहहरू अहिले बचन र कर्मले संघीयताका पक्षमा त्यति मुखर छैनन् र ती जो सुरुदेखि नै संघीयताका खिलाफ थिए तिनको आवाजले स्थान पाइरहेछ ।

आइरिस कवि विलियम बट्लर ईएट्सले भने जस्तै यस्तो स्थिति जहाँ 'हुनुपर्नेमा विश्वासको खडेरी छ, र हुनु नपर्नेमा आवेगको तीव्रता छ' (द बेस्ट ल्याक अल कन्भिक्सन्, एण्ड द वर्स्ट आर फुल अफ प्यासनेट इन्टेन्सिटी) ! यही सन्दर्भमा संघीयताले उठाएका केही प्रमुख प्रश्नहरूलाई सम्बोधन गर्ने प्रयत्न यो लेखमा गरिएको छ । यसको निचोड के पनि हुनसक्छ भने समसामयिक नेपालमा संघीयतामाथि खतरा मूलत: संघीयताको ठाडो विरोध गर्ने दल वा समूह भन्दा त दल र समूहहरूबाट बढी छ जो आफूलाई संघीयताका पक्षधर भन्छन् ।

संघीयता औचित्यको प्रश्न

नेपालमा संघीयता तीनवटा तर्कमा आधारित छ भन्ने मलाई लाग्छ । पहिलो, नेपालको जातीय, सामाजिक, सांस्कृतिक विविधताको पहिचान र व्यवस्थापन । यसको अर्थ हो नेपालका प्रमुख जात-जातिको ऐतिहासिक बसोबासको निरन्तरताको आधारमा प्रदेशको पहिचान ताकि नेपालको सांस्कृतिक, भाषिक विविधताको जगेर्ना र सम्बर्धन नेपालको राष्ट्रिय पहिचान बनोस् ।

यसैले पहिलो संविधानसभाले सामर्थ्यसहित पहिचानलाई संघीयताको मुख्य आधार मानेको थियो । पहिचानको अर्को पाटो समावेशिताका आधारमा राजनैतिक प्रतिनिधित्वको हो । यसको अन्तर्यमा एकातिर नेपालको ऐनामा प्रमुख जातजातिको अनुहार देखिनुपर्छ भन्ने सोच हो भने अर्कोतिर यस्तो पहिचानका माध्यमबाट मात्र समावेशिता सार्थक हुन्छ र विविधताको संरक्षण हुन्छ भन्ने हो ।

दोस्रो तर्क, समतामूलक, समावेशी विकासको हो अर्थात् विकासको समतामूलक र समावेशी अवसर र उपलब्धिको लाभ सबै भौगोलिक क्षेत्र, जात-जाति र समुदायहरूलाई प्राप्त होस् । केन्द्र र मोफसल बीचको खाडल पुरियोस्, राज्यको दायित्व सबै जनसांख्यिक समुदाय र क्षेत्रप्रति समान रूपले होस् र पहुँच र अवसरको विभेदको अन्त्य होस् ।

तेस्रो तर्क, सबैभन्दा तल्लो तहसम्म राज्य शक्तिको प्रशासनिक र वित्तीय विकेन्द्रीकरण र निक्षेपणको हो । यसको अर्थ नेपालको अति केन्द्रीकृत राजनैतिक, प्रशासकीय र वित्तीय केन्द्रीकरणको विरासतबाट मुक्ति हो ताकि लोकतन्त्र सुदृढ होस् ।

प्रदेशहरूको सीमाङ्कनका क्रममा पहिचानको जातीय र सांस्कृतिक पक्षलाई जति महत्व दिनुपर्थ्यो, दिइएन । राज्य शक्तिमा सधैं हैकम चलाएर बसेका समूहहरू, मूलत: सबै दलका बाहुन र क्षेत्री आफ्नो सदियौंदेखिको प्राधिकार गुम्ला भनेर संघीयताको महत्वपूर्ण पाटो पहिचानलाई गौण बनाउन लागिपरे । पहिचान त समुदायलाई चाहिएको थियो, न कि खोला-नाला पहाड-पर्वतलाई ।

फलस्वरूप अहिलेको प्रदेशको संरचना, नामाङ्कन र प्रमुख जात-जातिलाई समेट्ने सवालमा अधुरो नै रह्यो । यद्यपि कोशी, मधेश, बागमती र कर्णालीमा धेरै हदसम्म प्रमुख जातीय समुदाय समेटिएका छन् । तर प्रमुख सांस्कृतिक समुदायहरू समेटिनुको अर्थ त्यसबेला मात्र हुन्छ जब विविधताको सम्मान सामाजिक-आर्थिक विकासका सबै क्षेत्रमा देखियोस् । यतातिर ध्यान पटक्कै गएको छैन । यी कमजोरी हुँदाहुँदै पनि संघीयताको औचित्यको महत्ता र सान्दर्भिकता कुनै पनि प्रकारले घटेको छैन ।

प्रदेश औचित्यको प्रश्न

अहिले प्रदेश अर्थहीन भयो, यसैले प्रदेशलाई हटाएर केन्द्र र स्थानीय तह मात्र राखे खर्च कम र प्रशासन चुस्त हुन्छ, विकासले गति लिन्छ भन्ने तर्क कतिपयले गरिरहेछन् । यो तर्कले २०४६ पछिको नेपालको राजनैतिक विकास, २०६२-६३ को जनआन्दोलनको पृष्ठभूमि र यसका कारक तत्वहरूलाई पूर्णत: इन्कार गर्ने मात्र हैन गणतन्त्रतिरको नेपालको ऐतिहासिक यात्रा र उपलब्धिलाई नै प्रश्न गर्छ । प्रदेशको औचित्यको प्रश्न संघीयताको औचित्यसँग जोडिएको छ । प्रदेशलाई झिकिदिएपछि संघीयताको मर्म नै सकिन्छ ।

पहिचानको कुरा माथि गरियो । समावेशी समतामूलक विकास प्रदेशको प्रतिनिधित्वसँग जोडिएको छ । शक्तिको निक्षेपणमा स्थानीय तहभन्दा व्यापक प्रतिनिधित्वको सुनिश्चितता आवश्यक पर्छ भनेर नै प्रदेशको व्यवस्था गरिएको हो । पहिचानको सवालमा जस्तै समावेशिताको सवालमा पनि संघीयताको कार्यान्वयनमा धेरै प्रश्नहरू छन् । संघ र प्रदेश दुवैमा समावेशी प्रतिनिधित्वलाई राजनैतिक दलहरूले आफ्ना आसेपासेहरूलाई पुरस्कृत गर्ने माध्यमका रूपमा हेरेका छन् ।

त्यस्तै प्रशासनिक र वित्तीय शक्तिको निक्षेपणलाई संघीय मन्त्रालय र अर्थ मन्त्रालयको निर्देशनमा अग्रसर हुने वित्त आयोगको क्रियाकलापमा सीमित गरिएको छ । समस्या प्रदेशको हैन, प्रदेशको औचित्य अनुसार संघीयताको कार्यान्वयनको हो । पहिचानको व्यवस्थापन प्रदेशको विकासको एउटा पाटो हो भने प्रदेशको स्रोत-साधन र सामर्थ्य अनुसार र प्रदेशका समुदायहरूको आकांक्षाहरूलाई समेट्ने समग्र विकासको मार्गचित्रको निर्माण र सो अनुसार विकासमा अग्रसर हुने अर्को पाटो हो ।

प्रदेश संघ र स्थानीय तहबीचको समन्वयको सेतु पनि हो । अहिले निश्चय पनि यी सोच अनुरूप कार्य भएका छैनन् भने त्यसको अर्थ प्रदेशको खारेजी हैन, प्रदेशको राजनैतिक, प्रशासनिक र वित्तीय सबलता र समन्वय क्षमताको सुदृढीकरणको हो । कतिपयले शक्तिको विकेन्द्रीकरण स्थानीय तहमा गरे प्रदेशको आवश्यकता पर्दैन भन्ने पनि तर्क गर्छन् । छैटौं योजनादेखिको नेपालको अनुभवले विकेन्द्रीकरणलाई संविधानत: सुनिश्चित नगरी शक्तिको अर्थपूर्ण निक्षेपण हुँदैन भन्ने देखायो । एकात्मक व्यवस्थामा पनि स्थानीय सरकार थिए, स्वायत्त शासनको व्यवस्था थियो तर पनि केन्द्रकै मुख ताक्नुपर्ने स्थिति यथावत् थियो । वित्तीय स्रोत-साधनमा पहुँच र केन्द्र सरकारको तजबिज र निगाहमा थियो । अहिलेको संघीय व्यवस्थामा यो निगाह हैन अधिकारको कुरा हो ।

प्रदेश अधिकारको प्रश्न

नेपालको संविधान २०७२ ले तीनै तहगत सरकारहरूको एकल र साझा अधिकारको सूची तोकेको छ । जस अनुसार संघका ३५, प्रदेशका २१ र स्थानीय तहका २२ अधिकार तोकिएका छन् । साथै संघ र प्रदेशका साझा २१ अधिकार र संघ, प्रदेश र स्थानीय तहका साझा १५ अधिकार पनि छन् । एकल र साझा अधिकारका माध्यमद्वारा 'स्वशासन' र 'साझा शासन' को व्यवस्था संविधानले गरेको छ । एकल र साझा अधिकारलाई क्षेत्रगत कार्यमा स्पष्ट पार्नका लागि २०७२ मै मन्त्रिपरिषदद्वारा एकल र साझा अधिकार सूचीको कार्य विस्तृतीकरण प्रतिवेदन पारित गरियो ।

दोस्रो संविधानसभामा एकल र साझा अधिकार र तिनको सैद्धान्तिक अवधारणा बारे न यथेष्ट बहस भयो न त्यस्ता धारणहरू लिपिबद्ध नै गरिए । कार्य विस्तृतीकरणको काम मुख्य सचिवको नेतृत्वमा उच्च पदस्थ कर्मचारीहरूले नै गरे जसमा राजनैतिक दल, विज्ञ र सरोकारवालासँग व्यापक छलफल नै भएन । र, यो विषय राजनैतिक दलहरूको प्राथमिकतामा नै परेन ।

अहिले प्रदेशको अधिकारको प्रश्न कार्य विस्तृतीकरण सूची वरपर जेलिएको छ । सर्सर्ती हेर्दा पनि अधिकार सूचीको विस्तृतीकरणका दुई पाटा स्पष्ट नै देखिन्छन् । पहिलो, सकेसम्म महत्वपूर्ण अधिकारलाई संघीय सरकारतिर नै तान्ने प्रवृत्ति र दोस्रो, विकासका कतिपय विषयमा जानी-जानी अधिकारको बाँडफाँटको अस्पष्टता ।

खप्टिएका साझा अधिकारको मनसाय संघीय सरकारलाई शक्तिशाली बनाउने नै होला भनेर अनुमान गर्न त्यति गाह्रो छैन । यी दुवैको अन्तर्यमा केन्द्रबाट निर्देशित रहँदै आएका विकासका कामलाई विकेन्द्रीकृत नगर्ने मन्त्रालयको राजनैतिक र प्रशासनिक नेतृत्वको मनसाय स्पष्ट नै देखिन्छ ।

संविधान लागू भएयताको अनुभवले के देखाउँछ भने साझा अधिकारमाथि संघको आधिपत्य त छँदैछ, विभिन्न वहानामा एकल अधिकारमाथि पनि संघको अतिक्रमण भइरहेछ । विगत आठ वर्षमा संघीय सरकारको राजनैतिक नेतृत्व पटक-पटक फेरिएको छ तर प्रकारान्तरले प्रदेशलाई संघकै इकाई मान्ने प्रवृत्तिमा कुनै फरक आएको देखिन्न । संघीयतालाई समग्रमा लागू गर्नका निम्ति आवश्यक कानुनी, प्रशासनिक र प्रक्रियागत पूर्वाधार निर्माणको काम प्राथमिकतामा परेकै छैन ।

प्रदेशको अधिकारको प्रश्न पेचिलो हुँदै गएपछि मुख्यमन्त्रीहरूले संघीय नेतृत्वलाई चेतावनी दिन पुगे । यसका साथै जनस्तरमा समेत प्रदेशको औचित्यमाथि नै प्रश्न उठ्न थालेपछि केही समययता पूर्व मुख्यसचिवकै नेतृत्वमा एउटा नयाँ कार्यदल कार्य विस्तृतीकरण सूचीको परिमार्जनमा लागेको छ । संघ, प्रदेश र स्थानीय तहको कार्यगत अधिकारलाई संविधानको मनसाय अनुसार राजनैतिक र सैद्धान्तिक तहमा स्पष्ट सीमाङ्कन नगरिकन टालटुले किसिमले गरिने कार्य विस्तृतीकरणको परिमार्जनले मात्र प्रदेशको अधिकारको प्रश्न समग्र रूपमा सम्बोधन हुँदैन ।

प्रदेशको अधिकार र दायित्वको कुरा गर्दा संविधानमै रहेका केही संघीयतासम्मत नभएका प्रावधानको पनि कुरा गर्नुपर्छ । तीमध्ये मुख्य जिल्लाको अवधारणा हो । प्रदेशको निर्माणमा जिल्लाको आधार लिइए पनि प्रदेश बनाएपछि जिल्लाको औचित्य नै समाप्त हुनुपर्ने हो । वास्तवमा अमूक नेताको जनाधार यथावत् राख्ने र आफ्ना कार्यकर्तालाई लाभको पद दिने बाहेक जिल्ला समन्वय समितिको कुनै औचित्य छैन । जिल्ला त प्रमुख जिल्ला अधिकारीका माध्यमबाट संघले प्रदेशलाई नियन्त्रण गर्ने संयन्त्र मात्र बनेको छ र यसले प्रदेशको गृह मन्त्रालयलाई नै पङ्गु बनाएको छ ।

यसरी प्रदेशमा अधिकार प्रत्यायोजन गर्ने संघीयताको उद्देश्य नै स्खलित भएको छ । संघीयताबाट अपेक्षित कर्मचारीतन्त्रको प्रदेश र स्थानीय तहमा व्यापक समायोजन नहुनुका पछाडि संघीयताबाट त्रसित सैंय राजनैतिक र प्रशासनिक नेतृत्व नै मुख्य रूपले जिम्मेवार रहेको कुरा विगत आठ वर्षको अनुभवको निचोड हो ।

यतिका वर्षसम्म संघीय निजामती विधेयक, संघीय प्रहरी ऐन, शिक्षा विधेयक, वन ऐन जस्ता संघीयता कार्यान्वयनका निम्ति महत्वपूर्ण दर्जनौं विधेयक सरकार र संसदमै अलपत्र पर्नुले इङ्गित गर्ने कुरा पनि यही हो । यसरी 'मुखमा संघीयता र व्यवहारमा एकात्मकता' सबैखाले राजनैतिक नेतृत्वको चरित्र नै भएको प्रतीत हुन्छ ।

संघीयताप्रति राजनैतिक नेतृत्वको प्रतिबद्धताको प्रश्न

संघीयताबाट राजनैतिक दलहरूको चरित्र र व्यवस्थापनमा ठूलो रूपान्तरण हुन्छ भन्ने अपेक्षा थियो । दलहरू एकात्मक परिपाटीबाट नयाँ संघीय परिपाटीमा व्यवस्थित हुनेछन् भन्ने आशा थियो । विश्वास के थियो भने केन्द्रमा वर्चस्व जमाएर बस्ने राजनैतिक नेतृत्व स्थानीय र प्रदेश तहको नयाँ नेतृत्वबाट प्रभावित हुनेछ, प्रत्येक दलको राजनैतिक नेतृत्व चलायमान हुनेछ ।

संघीयताले विभिन्न तहमा आफूलाई प्रमाणित गरेको नयाँ नेतृत्वले स्थापित नेतृत्वलाई चुनौती दिनेछन् र दलभित्रको लोकतन्त्र सबल र सुदृढ हुनेछ भन्ने म जस्ता राजनीतिशास्त्रबाट अनभिज्ञहरूको अपेक्षा थियो । राजनैतिक कार्यकर्ताहरू संघीय व्यवस्था अनुरूप परिचालित हुनेछन् । दलहरूको केन्द्रीय र प्रादेशिक नेतृत्वले तहगत संगठनलाई मार्गनिर्देश गर्नेछन् र विकासको राजनीतिमा प्रशिक्षण दिने मात्र हैन, आफैं पनि प्रशिक्षित हुनेछन् र जनअपेक्षालाई सम्बोधन गर्ने राजनीतिक संस्कारको विकास हुनेछ भन्ने झिनो आशा थियो ।

तर यस्तो हुन त दलहरूमा प्रबुद्ध (इनलाइटन्ड) नेतृत्व चाहिन्छ जसको ठूलो खडेरी छ । विगत आठ वर्षमा न संघीयता अनुरूप दलहरू परिचालित भए, न दलहरूको नेतृत्व तहमा संघीयताबाट अपेक्षित नयाँ नेतृत्वको विकासको कुनै छनक नै पाइयो । उल्टो, पुराना, दशकौं नेतृत्वमा रहेर पनि सिद्धान्तहीन र उपलब्धि विहीन रहेका नेताहरूको हालिमुहाली चलिरह्यो ।

प्रदेश नेतृत्व आफ्ना कार्यकर्तालाई व्यवस्थापन गर्ने माध्यम मात्र बन्यो । केन्द्रकै देखासिकी गरेर राज्य स्रोतको दोहन गर्ने भ्रष्टाचारी प्रवृत्तिले दलका नेताहरूको प्रत्यक्ष संरक्षणमा प्रदेशमा पनि प्रश्रय पायो । व्यवस्था बदलिए पनि दलहरूको आचरण, सोच र व्यवहारमा संघीयताप्रतिको प्रतिबद्धता कतै पनि देखिएन ।

चुस्त, कम खर्चिलो, कुशल र जनता र संघीयताको उद्देश्य प्राप्तिप्रति समर्पित प्रदेश सरकारहरूको धारणामा दलहरूले कुठाराघात गरिरहे । दलीय नेतृत्वको यी कुनै पनि कुरामा चासो नै देखिएन । आज संघीयता सम्बन्धमा जति प्रश्नहरू उठाइएका छन्, ती सबै दलको नेतृत्व पंक्तिमा रहेकाहरूको केन्द्रीकृत शासनप्रतिको मोहकै प्रतिफल हो भन्न हिच्किचाउनुपर्दैन ।

संघीयतालाई कमजोर र प्रदेशलाई पङ्गु बनाउनेको पङ्क्तिमा हिजो र आज सत्तासीन सबै दलका नेताहरू छन् । संघीयताप्रति संघीय सरकारको उदासीनता कामका हिसाबले प्रदेश सरकारमा पनि देखिनु स्वाभाविक नै हो । चासो दुवैलाई सत्ताको छ, संघीयताको मनसाय अनुरूप कामको हैन । प्रदेशमा विद्यमान बेथिति र भ्रष्टाचारका पछाडि यिनै कारकहरू छन् ।

प्रदेश सरकारहरूको अस्थिरतालाई लिएर पनि प्रश्नहरू उठ्छन् । यहाँ पनि संघ र प्रदेश दुवै तहमा दलहरूको दोहोरो चरित्र स्पष्ट हुन्छ । प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली अपनाएको हाम्रो संविधान अनुसार संघमा वा प्रदेशमा बहुमत सरकार त यदाकदा हुने परिघटना मात्र हो । हुने त प्राय: नीति र कार्यक्रमगत सहमतिका आधारमा सहमतिको सरकार नै हो ।

यो परम्परा दलहरूले बसाल्दै बसालेनन् । सहमति सिद्धान्त र नीति हैन सत्ता र व्यक्तिको भागबन्डामा सीमित रह्यो । संविधानका प्रत्येक छिद्रको फाइदा लिँदै मन्त्री र सुविधाको लेनदेनले अहिले सबैजसो प्रदेश सरकार ग्रस्त छन् र यसमा दलीय नेतृत्व मौन । उल्टो विगतको अनुभव बिर्सेर बहुमतको सरकारको नारा यसरी लगाइँदैछ मानौं त्यो नै सबै समस्याको समाधान हो ।

माथिको सार के हो भने संघीयताका पक्षमा भाषण गर्ने दल र तिनको नेतृत्व नै संघीयताप्रति मन, बचन र कर्मले प्रतिबद्ध छैनन् र यो नै संघीयताप्रतिको भ्रमको मूल कारण हो ।

तहगत सरकारको समन्वयको प्रश्न

संविधानले तीन तहका सरकारको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयका सिद्धान्तका आधारमा हुने व्यवस्था गरेको छ । साथै संघ र प्रदेश तहमा समन्वयका संयन्त्रहरूको व्यवस्था पनि गरेको छ । संघीय तहको अन्तर प्रदेश परिषदको प्रयोजन संघ र प्रदेशबीच र प्रदेश प्रदेशबीच हुनसक्ने विवादको समाधान र समन्वयका निम्ति हो भने प्रदेश तहको समन्वय परिषदको प्रयोजन प्रदेश र पालिका र पालिका-पालिका बीचको विवाद समाधान र समन्वयका निम्ति हो ।

प्रदेश तहको समन्वय परिषद औपचारिकतामा नै बढी सीमित रहेको आभास मिल्छ भने संघीय तहको समन्वय संयन्त्र विगत आठ वर्षमा संघीय राजनीतिक नेतृत्वको उदासीनताले गर्दा निष्क्रिय जस्तै रहेको यथार्थ छ । अहिले प्रदेश र स्थानीय तहको कर्मचारीतन्त्र केन्द्रकै स्वविवेकमा परिचालित छ । उनीहरूको दायित्व र जवावदेहिता स्वाभाविक रूपले केन्द्रप्रति नै छ ।

संघीय तहमा समन्वयको संयन्त्रलाई सक्रिय पार्न प्रदेश नेतृत्व तहबाट लिइएको पहललाई अर्घेल्याइँको रूपमा हेर्ने संघीय नेतृत्वको सोचले गर्दा संघीयताको कार्यान्वयनका निम्ति प्राथमिकताका साथ चालिनुपर्ने प्रशासनिक र कानुनी प्रक्रिया अबरूद्ध जस्तै रहेका छन् । संघीय, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध, संवाद र समन्वयलाई घनीभूत नगरी संघीयताको अभ्यास सार्थक हुनै सक्दैन । समन्वयका संयन्त्रहरूलाई जति क्रियाशील बनायो त्यति नै संघीयता कार्यान्वयनका समस्याको समाधान खोजिने हो । तर संघीय नेतृत्वको मानसिकता यस्ता संयन्त्रहरूलाई निष्क्रिय राखेर संघकै मनोमानी यथावत् राख्नमै तल्लीन रहेको स्पष्ट छ ।

यसको सबैभन्दा ठूलो असर प्रदेशको औचित्यमा परेको छ । एकातिर संघले प्रदेशको अधिकारमा अतिक्रमण गरिरहने र अर्कातिर प्रदेशले स्थानीय तहमा आफ्नो उपादेयता प्रमाणित गर्न सकस परिरहने स्थितिले गर्दा प्रदेश सरकारहरू दोहोरो चेपुवामा परेको अहिलेको यथार्थ हो ।

प्रदेश सरकारहरूले पनि स्थानीय तहसँग सिर्जनात्मक र उनीहरूका निम्ति लाभकारी सहयोग र समन्वयका नीति, कार्यक्रम र उपायको खोजीमा अपेक्षित सक्रियता देखाउन नसकेको कुरा पनि सही हो । अधिकार खोज्ने तर दायित्वप्रति उदासीन रहने प्रवृत्ति सबैतिर व्याप्त छ ।

विकास योजनाहरूको प्रश्न

समन्वयसँगै जोडिएको अर्को प्रश्न संघीय र प्रदेश तहका विकासको सोच र योजनाहरूको समन्वयको हो । संघीयता कार्यान्वनपछि तर्जुमा गरिएको १५औं योजनामा समेत संघीयताको मर्म समेटेको आभास हुँदैन । यो क्रम सोह्रौं योजनामा पनि दोहोरिए आश्चर्य मान्नुपर्दैन । तहगत संरचनामा संघीय तहको राष्ट्रिय योजनाले प्रदेश र स्थानीय तहलाई कतिपय विषयमा मार्गनिर्देश र कतिपयमा सहकार्य, समन्वय र सहजीकरण गर्नुपर्ने हुन्छ ।

साथै विभिन्न तहका योजनाको तर्जुमा र कार्यान्वयन तीनै सिद्धान्तका आधारमा हुने अपेक्षा गरिन्छ जुन सिद्धान्तले तहगत सरकारको सम्बन्ध निर्धारण गर्छ । संघीय योजनाले आफ्नो रणनीति र प्राथमिकतामा संघीय सरकारको मात्र हैन प्रदेशका आकांक्षाहरूलाई समेत समेट्नुपर्छ । यही कुरा प्रदेश तहका हकमा पनि लागू हुन्छ ।

यसरी संघ, प्रदेश र स्थानीय योजना एक-अर्काका परिपूरक र पृष्ठपोषक हुन सक्छन् । यसका निम्ति खास संयन्त्र र औपचारिक-अनौपचारिक विधिको विकास आवश्यक पर्छ । अहिले संघीय योजना र प्रदेशका योजनामा तादात्म्य खोज्न गाह्रो छ किनभने न यस्तो विधि नै विकसित छ न त्यसका निम्ति आवश्यक सघन संवाद तहगत रूपमा भएको नै छ । योजना र विकासको पक्ष प्रदेशका हकमा निकै महत्वपूर्ण छ किनकि प्रदेशले जनस्तरमा आफ्नो औचित्य साबित गर्ने माध्यम नै प्रदेशका संभावनालाई उजागर गर्ने र ती स्थानीय तहलाई प्रभावित गर्न प्रदेशस्तरीय योजना र त्यसको सफल कार्यान्वयनको हो ।

राष्ट्रिय योजना आयोगको सिको गरेर धेरै प्रदेशमा योजना आयोग बनेका छन् र कतिपयले आवधिक योजना निर्माण समेत गरेका छन् । तर त्यस्ता आयोगको औचित्य, जनशक्ति र पूर्वाधारबारे यथेष्ट छलफल भएको देखिदैन । अहिले संघीय तहको तुलनामा प्रदेश तहको विकास खर्चको अनुपात राम्रो छ भनिन्छ तर लागत, प्रभाव क्षेत्र, लाभान्वित हुने जनसंख्या, वित्तीय अनुशासन र दिगोपनाका हिसाबले उदाहरणीय काम हुन नसकेको यथार्थ पनि छ ।

वित्तीय आयोगको प्रश्न

२०७२ को संविधानले संघीयताको महत्वपूर्ण खम्बाका रूपमा एउटा स्थायी प्रकृतिको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरेको छ । आयोगको कार्यक्षेत्रमा तहगत सरकारबीच राजस्वको बाँडफाँट, समानीकरण अनुदानको सिफारिस, सशर्त अनुदानको आधार, सम्बन्धित आयोजना अनुसन्धान र तहगत सरकारमा प्राकृतिक स्रोतको बाँडफाँट, सम्भावित विवादको समाधान, आन्तरिक ऋणको सीमा आदि विषय पर्दछन् ।

व्यवहारमा वित्त आयोगको काम तहगत सरकारको कुल वित्तीय हस्तान्तरणमा अनुपात खस्केको रहेको समानीकरण अनुदानको सूत्रको सिफारिसमा नै मूल रूपले केन्द्रित रहेको प्रतीत हुन्छ । सबै वित्तीय हस्तान्तरणको कार्य आयोगको सिफारिसमा हुने सोच भए पनि कानुनमा वित्त आयोगको क्षेत्राधिकार हाकाहाकी खुम्च्याउने काम भएको छ । फलस्वरूप तोकिएका चार अनुदानमध्ये सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान जस्ता विषय प्राय: अर्थ मन्त्रालयको तजबिजमा हुने गर्छ ।

६ वर्षे पदावधिको स्थायी आयोग बनाउनुको पछाडि दलहरूको आफ्ना 'विज्ञ' को व्यवस्थापन गर्ने माध्यम खोजेको हुनसक्छ । तर शंकाको फाइदा दिने हो भने अहिले आयोगले अधिकांश समय वित्तीय हस्तान्तरण सम्बन्धी तथ्याङ्कको विश्लेषण, विस्तृत स्थनीय अध्ययन, तहगत सरकारको राजस्व परिचालन, वित्तीय हस्तान्तरणको उपादेयतामा वृद्धि गर्ने नवप्रवर्तनकारी उपायहरूको खोज-अनुसन्धान, अन्तर्राष्ट्रिय अनुभवहरूको सन्दर्भमा लेखाजोखा र कतिपय क्षेत्रमा उदाहरणीय प्रयोगहरूको नमूना अभ्यासलाई समेत सिफारिस र प्रोत्साहित गर्ला भन्ने अपेक्षा गरेको हुनुपर्छ ।

(साभार: अनलाइनखबर)

भीआईपी अभियुक्तलाई अस्पतालमा हिरासत वार्ड

काठमाडौं/बाँसबारी छाला-जुत्ता कारखानाको १० रोपनी जग्गा हिनामिना गरेको आरोपमा केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अरुणकुमार चौधरी सहित ३ जनालाई १६ माघमा पक्राउ गर्‍यो । तर, मुलुकका एक मात्र डलर अर्बपति विनोद चौधरीका भाइ अरुणले प्रहरी हिरासतमा बस्नु परेको छैन ।

मुलुकको एक प्रमुख व्यापारिक घरानाका सदस्य अरुण पक्राउ परेलगत्तै उनको मुद्दाको फाइल चाँडो बुझाउन प्रहरीमाथि दबाब छ । प्रहरीले पनि अरुणलाई हिरासतमा नभएर अस्पताल बस्न मिल्ने सुविधा दिएर सहजीकरण गरिदिएको छ ।

केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का एसपी नवराज अधिकारीका अनुसार चिकित्सकले गरेको सिफारिस अनुसार चौधरीलाई ग्राण्डी अस्पताल लगिएको हो । उनलाई उच्च रक्तचापको समस्या देखिएको प्रहरीको भनाइ छ ।

तर, यसरी 'उच्च रक्तचापको समस्या' देखिनेहरु लगभग सबैजसो पद वा पहुँचवाला अथवा सत्ता वा शक्तिमा हुनेहरु देखिनु चाहिं आश्चर्यजनक संयोग मान्नुपर्छ ।

पक्राउ परेकामध्ये बाँसबारी छालाजुत्ता कारखाना लिमिटेडका तत्कालीन कार्यकारी अध्यक्ष अजितनारायण सिंह ८० वर्षका छन् । उनको स्वास्थ्यमा अरु समस्या पनि भएकाले उनी पनि ग्राण्डीमै उपचाररत रहेको प्रहरीको भनाइ छ ।

दुई जनालाई अस्पताल लगेपछि यो प्रकरणमा पक्राउ परेका तेस्रा व्यक्ति सीजी चाँदबाग रेसिडेन्सी प्रालिका सञ्चालक सञ्जय ठाकुरले पनि हिरासतमा बस्नुपरेको छैन । सहन्यायाधिवक्ता सन्देश श्रेष्ठका अनुसार, उनीहरुको बयान भने बबरमहलस्थित जिल्ला सरकारी वकिलको कार्यालयमा ल्याएर भइरहेको छ ।

सोधपुछका थप कामका लागि भने प्रहरीले उनीहरुलाई सीआईबीको लैनचौरस्थित कार्यालय लैजाने गरेको छ । तर, स्वास्थ्य अवस्थाका कारण भन्दै उनीहरुको बास भने ग्राण्डी अस्पतालको वार्डमा नै हुने गरेको छ ।

ब्यूरोका एक उच्च अधिकृत भन्छन्, 'अस्पतालमै भए पनि उनीहरु प्रहरीकै निगरानीमा हुने हुन्, खुला छाडिने होइन । यसले अनुसन्धानमा चाहिं फरक पार्दैन ।'

ब्यूरोले १८ माघमा चौधरीलाई पक्राउ गर्दा आफ्नै गाडीमा प्रहरी कार्यालयसम्म आउने छुट दिएको थियो । तीनै जनालाई हत्कडी समेत लगाएको थिएन ।

प्रहरी अनुसन्धानका क्रममा पक्राउ परेका शक्तिशाली आरोपीले छुट्टै सुविधा पाएको र हिरासतमा बस्नु नपरेको यो पहिलो घटना होइन । सीआईबीले नै अनुसन्धान गरेको बालुवाटारस्थित ललितानिवासको जग्गा हडपिएको प्रकरणमा पक्राउ परेका भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङले पनि त्रिवि शिक्षण अस्पतालको उपचार कक्षलाई नै हिरासत बनाएका थिए ।

१२ असारमा पक्राउ परेका गुरुङसहित निर्वाचन आयोगका पूर्वआयुक्त सुधीरकुमार शाह र मालपोत कार्यालय, डिल्लीबजारका पूर्वप्रमुख धर्मप्रसाद गौतमले पनि अस्पताल बसेरै हिरासतको अवधि बिताए । सरकारी कागजात किर्ते र संगठित अपराधको कसुरमा दुई महिनासम्म अस्पतालमा बस्नुपर्ने गरी उनीहरुलाई कस्तो रोग लागेको थियो भन्ने न अस्पतालले बतायो न प्रहरीले नै ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका पूर्वगृहमन्त्री बालकृष्ण खाँण बस्नलाई प्रहरीले जिल्ला प्रहरी परिसर, टेकुमा प्रहरी नायब उपरीक्षक (डीएसपी) हरुको कार्यकक्ष नै खाली गराएको थियो ।

२७ वैशाखमा मैजुबहाल स्थित घरबाट आफ्नै गाडीमा प्रहरी कार्यालयसम्म लगिएका खाँणलाई राख्न डीएसपीको कोठामा छुट्टै कक्ष बनाइएको थियो । यो प्रकरणमा पक्राउ परेका सचिव टेकनारायण पाण्डे, एमाले नेता टोपबहादुर रायमाझी लगायतले पनि अतिरिक्त सुविधा पाएका थिए ।

नेपाल प्रहरीका पूर्व डीआईजी हेमन्त मल्ल ठकुरीका अनुसार, पछिल्ला घटनाक्रमहरुले प्रहरीले आरोपीलाई पक्राउ गरेपछि हैसियत अनुसार दुई किसिमको व्यवहार गर्छ भन्ने गलत सन्देश आमनागरिकमा गएको छ ।

'यो समस्या नेपालमा मात्र होइन, दक्षिण एसियाली मुलुकका अरु प्रहरीले पनि आरोपीलाई हैसियत अनुसार व्यवहार गरेको देखिन्छ' केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का पूर्वप्रमुख समेत रहेका उनले भने, 'आरोपी ठूलो वा शक्तिशाली छ भने उसलाई हत्कडी लगाइन्न, यो प्रवृत्ति हिजो पनि थियो, आज पनि छ र दीर्घकालीन समाधान नखोजेसम्म भोलि पनि रहन्छ ।'

बलात्कार आरोपमा २३ असोज २०७६ मा पक्राउ पर्दा पूर्वसभामुख कृष्णबहादुर महरालाई पनि नर्भिक अस्पताल भर्ना गरिएको थियो । उच्च रक्तचापलाई कारण देखाउँदै उनलाई प्रहरी वृत्त, सिंहदरबारबाट अस्पताल पुर्‍याइएको थियो ।

पछि अदालतले पुर्पक्षका लागि थुनामा पठाएपछि उनी डिल्लीबजार कारागार बसे । जेलमा पनि कतिपयका लागि फरक व्यवहार हुने गरेको अधिकृतहरु बताउँछन् ।

राष्ट्रिय मानवअधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारीका अनुसार, कानुन सबैका लागि समान हुनुपर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता हो । तर, पछिल्लो समय देखिएका प्रवृत्तिले गलत अभ्यास भइरहेको देखाउने उनी बताउँछिन् ।

'जसले गरे पनि अपराध त अपराध नै हो, नेतालाई एउटा व्यवहार, भीआईपीलाई अर्को व्यवहार गर्नु ठीक होइन' अन्सारीले संचार कर्मीसँग भनिन्, 'कानुन सबैलाई समान हुनुपर्नेमा नेपालमा कसैले अत्यन्त धेरै सुविधा पाएका छन्, कसैले आवश्यक सुविधा पनि पाएका छैनन्, यो ओपन सेक्रेट जस्तै भइसकेको छ ।'

पक्राउ पर्नेबित्तिकै भर्ना हुने र मुद्दा नबुझाइन्जेलसम्म अस्पतालमै रहने विषय अनुपयुक्त रहेको अन्सारी बताउँछिन् ।

'स्वास्थ्य स्थितिमा साँच्चै समस्या हो भने बेग्लै कुरा हो, नभए पछिल्ला घटनाहरुमा जस्तो प्रवृत्ति देखिएको छ, त्यसले बिरामी भएर मात्र आरोपी अस्पताल बसिरहेका छन् भन्ने देखाउँदैन' उनले थपिन्, 'पक्राउ पर्ने जो-कोहीलाई प्रहरीले आमनागरिकलाई जस्तो व्यवहार गर्छ, त्यस्तै गर्नुपर्छ ।'

कतिपय आरोपी अदालतले थुनामा पठाउने आदेश दिंदा पनि अस्पतालमै बसिराखेको उदाहरण पनि छ । जस्तै, २३ पुस २०७६ मा सवारी ज्यान मुद्दामा पक्राउ परेका पृथ्वी मल्ल जिल्ला अदालत, काठमाडौंले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको ४० दिनसम्म पनि कारागार गएनन् ।

२८ मंसिर २०७६ मा बूढानीलकण्ठमा बा १४ च ६१२३ नम्बरको कारले ठक्कर दिंदा पैदलयात्रु गोरखा घर भई विष्णुमती बस्ने ४२ वर्षीया लीला देवकोटाको मृत्यु भएको थियो । मल्लसहित नायिका परमिता राणा, करिश मास्के र एलिना थापा भएको कार मल्लले अत्यधिक मादक पदार्थ सेवन गरेर कुदाएका थिए । त्यसक्रममा देवकोटालाई उनको गाडीले ठक्कर दिएको थियो ।

पछि तत्कालीन डिल्ली बजार कारागारका जेलर अरुण पोखरेलले मल्ललाई अस्पतालमा राख्न सिफारिस गर्ने चिकित्सकमाथि पनि छानबिन हुनुपर्ने भन्दै कारागार व्यवस्थापन विभागमा पत्राचार गरेपछि छानबिन सुरु हुँदा उनी कारागार फर्किएका थिए ।

आमनागरिकको हकमा भने साँच्चै बिरामी हुँदा पनि स्थिति ठीक विपरीत रहने गरेको मानव अधिकार आयोगकी पूर्वसदस्य अन्सारी बताउँछिन् । नेपाल मेडिकल काउन्सिलका अध्यक्ष चोपलाल भुसाल भने कुनै चिकित्सकले गलत मनसाय राखेर अस्पतालमा बस्नलाई सिफारिस गरेको पाइए कारबाही हुने बताउँछन् ।

'कसैले उजुरी हाल्यो भने हेर्ने कुरा आउँछ, नत्र कुनै कारणले भर्ना गरेको छ कि के छ भनेर सीधै काउन्सिलले हेर्ने कुरा हुँदैन' उनले संचारकर्मीसँग भने, 'एउटा मात्र केस होइन, थुप्रै घटनाहरु आइरहेका छन् । एकाध केसमा उजुरी पनि परेका छन्, त्यसमा छानबिन पनि गरेका छौं ।'

पूर्वडीआईजी मल्ल भने यो विषय लामो समयदेखि चर्चा भइरहेको तर, समाधानका लागि कहिल्यै प्रयास नभएको बताउँछन् ।

'यदि यसलाई साँच्चै व्यवस्थित गर्ने हो भने एउटा मेडिकल बोर्ड बनाएर त्यसले हेरेर सिफारिस गर्‍यो भने मात्र अस्पताल पठाउने व्यवस्था गर्नुपर्छ' उनले थपे, 'त्यसमा पनि पहिले सरकारी अस्पताललाई प्राथमिकता दिनुपर्छ, साँच्चै जटिल स्थिति भएको भन्ने देखिए मात्र अन्यत्र रेफर गर्नुपर्छ ।'

(स्रोत: अनलाइनखबर)

मलाई फिल्म नखेल्दैमा केही हुँदैन, बरु नाटक गर्छु : विजय बराल

काठमाडौं/कुनै पनि फिल्म सहायक पात्रबिना अपुरो हुन्छ । फिल्ममा मुख्य पात्रलाई काँध थाप्न सहायक पात्रकै ठूलो भूमिका रहन्छ । नेपाली फिल्ममा केही यस्ता कलाकार छन्, जो सहायक भूमिकामा उच्च रोजाईमा छन् । त्यसमध्ये एक हुन्, विजय बराल । विशेषगरी अभिनेता दयाहाङ राईसँग उनको केमेन्ट्री रुचाइने गरिन्छ । 'कबड्डी' सिरिजमा दयाहाङको पात्रलाई बलियो बनाउने नै उनै हुन् ।

विजयले दयाहाङको साथी भएर धेरै फिल्ममा काम गरिसकेका छन् । यही माघ २६ गतेबाट प्रदर्शनमा आउन लागेको दुई फिल्म 'हात्तीछाप' र 'दयारानी'मा पनि उनीहरुको जोडी छुटेको छैन । विजयलाई दयाहाङसँग लगातार फिल्ममा काम गर्दा मोनोटोनस भने लाग्दैन । बरु एकसाथ काम नगर्दा उनलाई खल्लो महसुस हुन्छ । दयाहाङसँग काम गर्न निकै सहज हुने उनको अनुभव छ ।

हालै एक भेटमा पत्रकारको प्रश्नमा उनले भने, 'दया दाईसँग फेरि काम गर्नुपर्‍यो भनेर मोनोटोनस लाग्दैन । मेकरलाई चरित्र चाहिँ अलि फरक दिनु न भन्ने गर्छु । दया दाईसँग काम गर्न रमाइलो हुन्छ । हामीले सँगै यात्रा गरेको १६/१७ वर्ष भइसक्यो । फिल्ममा हामी सँगै नहुँदा दया दाई कहाँ हुनुहुन्छ जस्तो लाग्छ ।' पारिश्रमिकमा भने आफूहरुबीच ठूलो अन्तर रहेको विजयको भनाई छ ।

अहिले पारिश्रमिक चित्त नबुझ्दा फिल्म छाड्ने गरेको उनी बताउँछन् । 'मलाई के डर छैन भने फिल्म नखेल्दैमा मलाई केही हुँदैन, मेरो थिएटर छ, बरु त्यहीँ नाटक गर्छु । त्यसैले पारिश्रमिक चित्त नबुझेपछि फिल्म छाडिहाल्छु,' विजय भन्छन्, 'अहिले फिल्मलाई बोक्ने दया दाईहरु हो । त्यसैले पारिश्रमिक उच्च हुने भैहाल्यो । मेरो चाहिँ कममा पनि कतिसम्म बस्ने भन्ने एउटा 'क्याटोगोरी' छ ।'

दयाहाङ भने विजय र आफू एकअर्काबिना अपुरो रहेको तर्क गर्छन् । 'विजय र मेरो दिनमा एकपटक कुरा भएन भने हामी अपुरो हुन्छौं । हाम्रो त्यस्तो सम्बन्ध छ । मैले काम गर्ने फिल्ममा पक्कै विजय पनि हुनेछ भन्ने लाग्छ । हामीले सँगै काम गर्न पाउँदा खुसी लाग्छ,' उनी सुनिए । दयाहाङ र विजयसहितको समुहले काठमाडौंस्थित थापागाउँमा मण्डला थिएटर पनि सञ्चालन गरिरहेको छ ।

विवाह बन्धनमा बाँधिए गौरव

काठमाडौं/'साइँला' उपनामले परिचित अभिनेता गौरव पहारी बैवाहिक जीवनमा बाँधिएका छन् । आइतबार मुलपानीस्थित नर्लिङ रिसोर्टमा उनले प्रेमिका श्रेणी खतिवडासँग लगनगाँठो कसेका हुन् । विवाह समारोहमा दुई पक्षका पारिवारिक सदस्य र केही फिल्मकर्मीको उपस्थिति थियो । गत असोज ३ गते उनीहरुले इन्गेजमेन्ट गरेका थिए । विवाहअघि यो जोडी तीन वर्षदेखि प्रेम सम्बन्धमा थियो ।

श्रेणी पेशाले जुम्बा (नृत्यका माध्यमबाट गरिने फिटनेस) प्रशिक्षक हुन् । गौरव भने अभिनयमा सक्रिय छन् । उनी पुराना अभिनेता टीका पहारीका छोरा हुन् । उनले फिल्म 'मञ्जरी'बाट अभिनेताको रुपमा डेब्यु गरेका थिए । त्यसयता 'होस्टेल', 'उत्सव', 'गाजलु', 'साइँली', 'रातो घर', 'छक्का पञ्जा २' लगायत दुई दर्जनभन्दा बढी फिल्ममा काम गरिसकेका उनी 'साइँली'का निर्माता पनि हुन् ।

उनलाई गायक हेमन्त रानाको गीत 'साइँली'ले ठूलो लोकप्रियता दिलाएको थियो । यही गीतपछि 'साइँला'को रुपमा उनको परिचय बनेको हो । गत मंसिर अन्तिममा उनी अभिनीत फिल्म 'दुई कदम' प्रदर्शन भएको थियो भने अर्को फिल्म 'नम्बरी सुन' प्रदर्शनको पखाईमा छ । पछिल्लो समय उनी सहायक चरित्रमा बढी देखिने गरेका छन् । उनको फिल्म करिअर सन्तुलित बन्न सकेको छैन ।

'जिग्री' ट्रेलर : पैसाको चक्करमा फसेका दुई युवाको कथा

काठमाडौं/कमेडी-क्राइम तथा एक्सन विधामा बनेको फिल्म 'जिग्री'को ट्रेलर सार्वजनिक गरिएको छ ।

साढे २ मिनेट लम्बाईको ट्रेलरमा पैसाले उत्पन्न गराएको परिस्थितिलाई रोचक ढंगले चित्रण गरिएको छ । पैसाको चक्करमा दुई युवा कसरी समस्यामा पर्छन् र त्यसबाट उम्कन उनीहरुले गर्ने संघर्षमा ट्रेलर आधारित छ । कमेडी जनरा मनपराउने दर्शकका लागि फिल्म रुचिकर हुनसक्ने देखिन्छ ।

आगामी फागुन ४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मलाई आकाश मगरले निर्देशन गरेका हुन् । फिल्ममा निर्देशक मगर सँगै अभय राज बराल, सुप्रिया राना, रोशन सुवेदी, जीवन बराल, वासुदेव खनाल, नवीन लम्साल, केदार श्रेष्ठ, दिवाकर घिमिरे, सुशीला लक्ष्मी महर्जन, मनिष व्याञ्जु, स्नेहा रसाइली आदिको अभिनय छ । फिल्मलाई सुमित भट्ट र सोमित माझीले मिलेर खिचेका हुन् ।

सुस्केरा आर्ट्स र लोकल सिनेमाले निर्माणमा सहकार्य गरेको फिल्मको कार्यकारी निर्माता कुसुम थापा मगर र निर्माता कुमार श्रेष्ठ हुन् ।

फिल्ममा सरुन मानन्धरको सम्पादन, किशोर आचार्यको ध्वनि परिकल्पना तथा मिश्रण, आकी थेक्पाको प्रोडक्सन डिजाइन, सुवास पौडेल र भास्कर स्वाँरको संगीत तथा लुज राजभण्डारीको भीएफएक्स छ । यो फिल्मलाई सुस्केरा आर्ट्सले वितरण गर्नेछ ।

सञ्चारमन्त्रीका सल्लाहकारसहित २५ जना प्राधिकरण अध्यक्ष बन्ने दौडमा

काठमाडौं/नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष बन्न २५ जनाले प्रतिस्पर्धा गर्ने भएका छन् । प्राधिकरणका अध्यक्षका लागि सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका सल्लाहकार भुपेन्द्र भण्डारीदेखि साझा प्रकाशनका पूर्व महाप्रबन्धक डोलिन्द्रप्रसाद शर्मासम्मले आवेदन दिएका छन् ।

टेरामक्स र एमडीएमएस प्रणाली खरिद विवादमा परेपछि २४ पुसमा तत्कालीन अध्यक्ष पुरुषोत्तम खनालले राजीनामा दिएका थिए । त्यसपछि मन्त्रालयले सञ्चार तथा सूचना प्रविधि सचिव रामकृष्ण सुवेदीको नेतृत्वको सिफारिस समितिले १४ माघमा अध्यक्ष पदका लागि आवेदन माग्दै सूचना निकालेको थियो ।

जसमा सञ्चार मन्त्रीका सल्लाहकार रहेका भण्डारीदेखि विभिन्न संस्थानहरूमा यसअघि नेतृत्व गरिसकेकाहरु आकांक्षीका रुपमा देखिएका छन् । प्रतिस्पर्धामा प्रबल दावेदार मानिएका भण्डारी गत ५ असारको मन्त्रिपरिषद्रु बैठकले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको दूरसञ्चार तथा सूचना प्रविधि सल्लाहकार नियुक्त गर्ने निर्णय गरेको थियो ।

गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष उपेन्द्र महतोसमेतको लगानीमा बुरुण्डीमा चलेको स्मार्ट मोबाइलमा प्रमुख कार्यकारी अधिकृत (सीईओ) भएर २००८ देखि २०१५ सम्म काम गरेका भण्डारीले सियरालियोनको इन्टरग्रुप टेलिकममा सीईओ भएर काम गरेका थिए ।

यस्तै बाग्लुङ-९का डोलिन्द्रप्रसाद शर्मा भने अनियमितताको आरोपमा ८ असोज २०७४ साझाबाट बर्खास्तिमा परेका थिए । भण्डारी र शर्मासहित रेडियो नेपालका पूर्व कार्यकारी निर्देशक सुरेशकुमार कार्की पनि प्रतिस्पर्धामा छन् ।

यस्तै अनिल झा, मैनेजर प्रसाद साह, रोहित रौनियार, देवनारायण यादव, प्रकाश बराल, नगेन्द्र कुमार दास, नन्दविक्रम अधिकारी र माधवप्रसाद रेग्मीले आवेदन दिएका छन् । सागरनाथ उपाध्याय, सुशील ओझा, रामदेव यादव, नवीन जीसी, गिरिन्द्रराज अधिकारी, जनार्दन भट्ट र लक्ष्मीप्रसाद पण्डितले पनि दाबेदारी प्रस्तुत गरेका छन् ।

यस्तै दामोदर रेग्मी, शैलेन्द्र गिरी, श्रीकृष्ण सुवेदी, पंकजकुमार दास, गोकर्णप्रसाद सिटौला, चित्रसिंह बुढाथोकी मगर र कमलप्रसाद खनालले पनि आवेदन दिएका छन् ।

दूरसञ्चार प्राधिकरणको अध्यक्ष नियुक्तिको लागि ऐन र नियावलीअनुसार योग्यता नराखिएको विवाद भएपछि सर्वोच्च अदालतमा रिट समेत परेको छ ।

प्राधिरकण अध्यक्ष बन्न आवेदन दिएकाहरुले आफू नियुक्त हुन विभिन्न राजनीतिक दलका नेता र मन्त्रीहरुसँग लबिइङ सुरु गरिसकेका छन् । सचिव सुवेदीको नेतृत्वको समितिले ३ जनाको नाम सिफारिस गरेर मन्त्रिपरिणदमा नियुक्तिका लागि सिफारिस गर्नेछ । त्यसैअनुसार मन्त्रिरपरिषदले एक जनालाई अध्यक्ष नियुक्त गर्नेछ ।

२२० केभी बाह्रबिसे सबस्टेसन निर्माण अन्तिम चरणमा

काठमाडौं/ सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकामा २२०/१३२ केभी सबस्टेसनको निर्माण अन्तिम चरणमा पुगेको छ । दुई महिनाभित्रमा सक्ने लक्ष्यका साथ सबस्टेसन निर्माणको अन्तिम चरणका कामहरु धमाधम भइरहेको नेपाल विद्युत प्राधिकरणले जनाएको छ ।

सबस्टेसनमा राखिने पावर ट्रान्सफर्मर जडान भइसकेको र सबस्टेसनमा २२०/१३२ केभी, १६० एमभीए र १३२/११ केभी, ५ एमभीएका पावर ट्रान्सफर्मर राखिएको छ । ग्यास इन्सुलेटेड प्रणाली (जीआइएस) प्रविधिमा आधारित सबस्टेसनका उपकरण जडान अन्तिम चरणमा रहेको र नियन्त्रण कक्षमा रहने सम्पूर्ण उपकरण निर्माणस्थलमा आपूर्ति भइसकेको प्राधिकरणले जानकारी दिएको छ ।

उपकरणहरुको जडान धमाधम भइरहेको र सबस्टेसन निर्माणको समग्र प्रगति करिब ९५ प्रतिशत पुगेको समेत प्राधिकरणले जनाएको छ । बाह्रबिसेमै ४०० केभीको अर्को सबस्टेसन पनि निर्माणाधीन छ । नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत कम्पनीको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माण गरिएको १०२ मेगावाटको मध्यभोटेकोशी जलविद्युत् आयोजनाको विद्युत् यही सबस्टेसनमा जोडिने छ ।

मध्यभोटेकोशीबाट उत्पादित विद्युत् २२० केभी प्रसारण लाइनमार्फत बाह्रबिसे सबस्टेसनमा जोडिनेछ । आयोजनाले आफ्नो विद्युतगृहको स्वीचयार्डबाट बाह्रबिसे सबस्टेसनसम्मको करिब ४ किलोमिटर लामो २२० केभी सिङ्गल सर्किट प्रसारण लाइनको टावरहरु निर्माण गरिसकेको छ । प्रसारण लाइनको करिब २ किलोमिटर तार तानिएको छ । आयोजनाले बाह्रबिसे नगरपालिका-३ र ४ स्थित पलाँतीका स्थानीय बासिन्दाको अवरोधका कारण २ किलोमिटर तार तान्न सकेको छैन । अहिले मध्यभोटेकोशी जलविद्युत आयोजनाका संरचनाको निर्माण सम्पन्न भई परीक्षणको काम जारी छ ।

आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न नसकेर खेर जाने अवस्था आउन नदिन बाह्रबिसे सवस्टेसन जतिसक्दो छिटो सम्पन्न गर्नुपर्ने दबाब प्राधिकरणलाई छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारण निर्देशनालयका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ र आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधान सम्मिलित प्राधिकरणको उच्चस्तरीय टोलीले शनिबार सवस्टेसन निर्माणस्थलको अनुगमन गरी बाँकी कामहरु तत्काल सम्पन्न गर्न निर्देशन दिएको छ । कार्यकारी निर्देशक घिसिङले जनशक्ति अझै थप गरी दुई महिनाभित्रमा सबस्टेसन निर्माण सक्न निर्देशन दिए ।

बाह्रबिसे सबस्टेसन निर्माण ठेक्का पाएको चिनियाँ कम्पनीहरू ग्वाङ्सी ट्रान्समिसन एण्ड सबस्टेसन कन्ट्रक्सन तथा सेन्जेन क्लाउ इलेक्ट्रोनिक्सको संयुक्त उपक्रमको कमजोर कार्यसम्पादन, कोभिड-१९ महामारीलगायतका कारण सबस्टेसनको निर्माण ढिलाइ हुँदै आएको छ ।

(स्रोत: अनलाइनखबर)

बागमती प्रदेश सरकार
खानेपानी सिंचाई तथा ऊर्जा मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन नं. १
हेटौंडा, नेपाल
प्रस्ताव आव्हान् सम्बन्धी सूचना
सूचना प्रकाशन मिति: २०८०/१०/२२

यस डिभिजन कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार संघ संस्थाहरुको सहकार्यमा महिला सरसफाई, स्वच्छ खानेपानी तथा वातावरण अभियान कार्यक्रम संचालन गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ । ईच्छुक गैरसरकारी संस्थाहरुले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र संस्था दर्ताको प्रमाणपत्र, आ.ब. २०७९/८० को करचुक्ता प्रमाणपत्र, संस्थाको लेखापरीक्षण प्रतिवेदनसहित कार्यालयले उपलब्ध गराएको कार्यक्षेत्रगत शर्त र प्रस्तावको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।
पूनश्च: कार्यक्षेत्रगत शर्त र प्रस्तावको ढाँचा कार्यालयबाट नि:शुल्क प्राप्त हुनेछ ।

हेटौंडाका रिजन पहिलो पटक नेपाली क्रिकेट टिममा

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ हेटौंडाका रिजन ढकाल पहिलोपटक क्रिकेटको राष्ट्रिय टिममा परेका छन् । नेपालले घरेलु मैदानमा क्यानडासँग खेल्ने तीन ओडीआई सिरिज र आईसीसी विश्वकप लिग २ मा नाम्मिबिया र नेदरल्यान्ड्ससँग खेल्ने त्रिकोणात्मक सिरिजको लागि नेपालको टोली घोषणा गरेको छ ।

दुवै सिरिजका लागि ढकाल टिममा परेका हुन् । बायाँहाते तीव्रगतिका बलर रिजन ढकाल दुबै सिरिजमा टोलीमा परेका हुन् । तीव्रगतिका बलर हेमन्त धामी र आकाश चन्द क्यानडासँगको सिरिजलाई नेपाली टोलीमा परेका छन् । रिजन, आकाश र हेमन्त पहिलोपटक नेपाली क्रिकेट टोलीमा परेका हुन् । बायाँहाते बलर रिजनले बागमती प्रदेशबाट खेल्दै प्रधानमन्त्री कप २०२४ मा ९ खेलमा १५ विकेट लिएका थिए ।

यसअघि बायाँहाते तीव्र गतिका बलरको रुपमा टोलीमा रहँदै आएका प्रतिश जिसीलाई टोलीबाट बाहिर राख्दै रिजनलाई मौका दिइएको हो । यसअघि कहिल्यै बन्द प्रशिक्षणमा नपरेका यी तीन खेलाडी सीधैं नेपालको अन्तिम टोलीमा परेका हुन् । ढकालले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगितामा राम्रो प्रदर्शन गर्दै टोलीमा स्थान बनाएका हुन् ।

बायाँहाते बलर हुँदा रिजनलाई नेपालले टोलीमा स्थान बनाउन थप सहज भएको हो । उनले पछिल्लो समय घरेलु क्रिकेटमा राम्रो प्रदर्शन गर्दै आएका छन् । उनले प्रधानमन्त्री कपमा ९ खेलमा १५ विकेट लिएका थिए ।

आकाश चन्दले यू-१९ विश्वकप क्रिकेटमा अफगानिस्तानविरुद्ध एक्लै ५ विकेट लिएका थिए । हेमन्तले खुट्टामा लागेको चोटका कारण यू-१९ विश्वकप गुमाएका थिए । उनले इनस्विङका साथ शानदार प्रदर्शन गर्दै आएका छन् । क्यानडासँगको सिरिज ८ देखि १२ फेब्रअरीमा हुनेछ । लिग २ मा नेपालले १५ फेब्रअरी देखि २४ सम्म खेल्नेछ ।

मकवानपुरगढीका २५ जनामा मोतियाबिन्दु

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ मकवानपुरगढी गाउँपालिका-२, स्थित स्वास्थ्यचौकी शिखरकटेरीमा आँखा शिविर भएको छ । मकवानपुरगढी गाउँपालिकाको आयोजना तथा लायन्स क्लब ईन्टरनेशनल ३२५ एसको समन्वय साथै हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा शिविर भएको हो ।

शिविरमा १६१ जनाले आँखा परीक्षण गराएका छन् भने आँखा परीक्षण गराएकामध्ये २५ जनामा मोतिविन्दुको समस्या देखापरेको जनाइएको छ । मोतियाविन्दु देखा परेकोहरुको यही माघ २४ गते हेटौंडा सामुदायिक आँखा अस्पतालमा नि:शुल्क अप्रेसन हुने मकवानपुर गढी गाउँपालिका स्वास्थ्य शाखाप्रमुख ध्रुवप्रसाद लामिछानेले बताए । साथै माघ २२ गते मकवानपुरगढी गाँउपालिकामा वडा नम्बर ८ बुढीचौरमा पनि शिविर हुन लागेको लामिछानेले बताएका छन् ।

शिविरमा गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङतानले पनि आँखा परीक्षण गराएका थिए । कार्यक्रममा वडा नम्बर २ का अध्यक्ष बखानसिंह पाखिन र वडा सदस्यहरु, मकवानपुरगढी स्वास्थ्यचौकी प्रमुख नवराज सुवेदी सहितको टिम, महिला सामुदायिक स्वास्थ्यस्वयम्सेविका लगायतको उपस्थिति रहेको थियो ।

लायन्स क्लब ईन्टरनेशनल ३२५ एसले मकवानपुर सहित बारा र सर्लाहीमा नि:शुल्क आँखा शिविर संचालन गरेको छ । शनिबार आँखा शिविर गरिएको हो । एरिया चिफ जेपी यादवका अनुसार मकवानपुरमा तीनदिन, बारामा २ दिन र सर्लाहीमा एकदिन निशुल्क आँखा शिविर गरिनेछ ।

एमाले थाहानगर अधिवेशनको तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/नेकपा एमालेको आशन्न नगर अधिवेशनका लागि तयारी तीव्र बनाइएको छ । आगामी फागुन २८ गते हुने अधिवेशनलाई भव्यरुपले सम्पन्न गर्न विभिन्न उपसमिति गठन गरेको छ ।

जसको अनुमोदन गरेर अघि बढ्न आगामी फागुन ३ गते नगर अधिवेशन आयोजक कमिटीको पूर्णबैठक बस्ने निर्णय समेत गरेको छ । अधिवेशन आयोजक कमिटीका संयोजक अच्युतमप्रसाद ढकालको अध्यक्षतामा आइतबार बसेको सचिवालय बैठकले अधिवेशन भव्यरुपले सम्पन्न गर्न विभिन्न उपसमिति गठन गरेको हो । बैठकले संयोजक ढकालकै संयोजकत्वमा प्रतिवेदनलेखन समिति, हेमकुमार थिङको संयोजकत्वमा आर्थिक समिति, सुमन रायमाझीको संयोजकत्वमा मञ्च तथा स्वयंसेवक व्यवस्थापन समिति, रामकृष्ण बस्नेतको संयोजकत्वमा प्रचारप्रसार समिति गठन गरेको हो ।

यसैगरी थाहानगर भुगोल रहेका जिल्ला कमिटी सदस्यहरु रहने गरी सुरेन्द्रमान प्रधानको संयोजकत्वमा अतिथि सत्कार तथा व्यवस्थापन समिति गठन गरेको छ । बैठकले अधिवेशनका लागि प्रतिनिधि छनोट विधिसमेत तय गरेको छ । प्रस्तावित विधि आगामी फागुन ३ गते हुने पूर्णबैठकले अनुमोदन गरेपछि पारित हुनेछ ।

बैठकमा प्रमुखअतिथि नेकपा एमालेका पोलिटव्युरो सदस्य तथा मकवानपुर इञ्चार्ज देवी ज्ञवालीले कार्यकर्ताहरु चुनावी टिकटको दौड छोडेर संगठन निर्माणमा जुटे थाहानगरमा जित हातपार्न एमालेलाई कुनै शक्तिले नरोक्ने बताए ।

बैठकमा बागमती प्रदेश कमिटीका सदस्य तथा थाहानगर इञ्चार्ज इन्द्रमान स्याङ्तान, जिल्ला कमिटी सदस्य तथा थाहानगर सह-इञ्चार्ज सुरेन्द्रमान प्रधान, जिल्ला कमिटी सदस्यहरु कल्पना बलामी, शिवराम थापा, युवराज गोले, सुनिता दोङ, बुद्धिराम डिमडुङ, प्रदेश कमिटीका पूर्वसदस्य श्यामभक्त श्रेष्ठ, जिल्ला कमिटीका पूर्वसदस्यहरु बिमलकुमार ढकाल, बलराम थापा लगायत वडा कमिटीका अध्यक्षहरुको उपस्थिति थियो ।

वक्तृत्वकलामा उप्रेती विजयी

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/रेडियो मकवानपुरले आयोजना गरेको बालमैत्रीनगर निर्माणमा सरोकारवालाको भूमिका विषयक वक्तृत्वकलामा हेटौंडा ६ की शितिष्मा उप्रेती विजयी भएकी छन् ।

रेडियोको १४ औं वार्षिकोत्सव एवम् रेडियोको सन्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाको २६ औं स्थापना दिवसको सन्दर्भमा आयोजित सप्ताहव्यापी कार्यक्रमअन्तर्गत आइतबार वक्तृत्वकला भएको हो । प्रतियोगितामा हेटौंडा-१९ की सपना बर्तौला द्वितीय, हेटौंडा-११ की सायना सापकोटा तृतीय र हेटौंडा-७ की प्रमिला थिङ सान्त्वना भएकी छन् । प्रथम, द्वितीय, तृतीय र शान्त्वना भएकाहरुले क्रमश: नगद १० हजार, ६ हजार, ४ हजार र २ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरे ।

हेटौंडा उपमहानगरको प्रत्येक वडाबाट एक/एक जना सहभागी हुन पाउने गरी प्रतियोगिता आयोजना गरिएको थियो । हेटौंडा उपमहानगरपालिकाको सहयोगमा भएको प्रतियोगितामा सिविन बालहेल्पलाइन मकवानपुरका कार्यक्रम संयोजक झविन्द्र ज्ञवाली, साहित्यकार शान्तिप्रिय वन्दना र माइती नेपाल मकवानपुरका कार्यक्रम संयोजक माया लामाले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

रेडियो मकवानपुर सन्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता तथा १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेले बालमैत्रीनगर निर्माणमा सबै सरोकारवालाको भूमिका रहनुपर्ने धारणा राखे । सामुदायिक रेडियोले आफ्नो कर्तव्य पूरा गर्दै यो विषयमा बालबालिकाकै सहभागितामा वक्तृत्वकला आयोजना गरेकोमा उनले खुशी व्यक्त गरे । हेटौंडा उपमहा नगरपालिका महिला तथा बालबालिका महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले बालमैत्रीको विषयलाई सबै सरोकारवालाले उत्तिकै महत्व र साथ दिनुपर्ने धारणा राखिन् ।

टिप्पर, ट्र्याक्टर र होटलमा बालकहरु प्रयोग हुनु चुनौतीको विषय भएको उनको भनाई थियो । कार्यक्रममा हेटौंडा-६ का वडासदस्य विजय पौडेल, दिव्यतारा सहकारीका सचिव ईश्वर पण्डित, कार्यसमिति सदस्य माधवकुमार न्यौपाने, व्यवस्थापक रमेश कोइराला, बालमैत्रीनगर सहजकर्ता सपना ढुंगाना, नेपाली लेखक संघ मकवानपुर अध्यक्ष छवि अनित्यलगायतको आतिथ्यता थियो । १५ गतेबाट सुरु भएको सप्ताहव्यापी कार्यक्रमको भोलि सोमबार समापन हुँदैछ । समापनमा दुइजनालाई सामुदायिक सम्मान समेत प्रदान गरिने रेडियोका स्टेसन म्यानेजर गणेशदर्पण अधिकारीले जानकारी दिए ।

भीमफेदी-मातातीर्थ सडक एकतर्फी सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ हेटौंडा–काठमाडौं जोड्ने छोटो दूरीको मार्ग भीमफेदी-महालक्ष्मी खोला–चखेल-मातातीर्थ सडक खण्डको मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-५ मा सुख्खा पहिरोले अवरुद्ध बनेको सडक एकतर्फी सञ्चालन गरिएको छ ।

इन्द्रसरोवर गाउँपालिका-५ पाटीचौर सडकखण्डमा जेसिबीले सडक चौडा गर्न कटान गर्ने क्रममा शनिवार सुख्खा पहिरो खसेर बाटो पूर्णरुपमा अवरुद्ध बनेको थियो । इन्द्रसरोवर गाउँपालिका-५ का वडाध्यक्ष दुतराज तितुङ्ले सुख्खा पहिरो खसेर सडकमा आवागमन अवरुद्ध बनेपछि पहिरो पन्छाएर एकतर्फी सञ्चालनमा ल्याइएको जानकारी दिए ।

स्थानीय र प्रहरीको सहयोगमा सडक सुचारु गरिएको थियो । सडक अवरुद्ध बनेपछि यो मार्ग भएर चल्ने सुमोलगायतका साना सवारीका साधन आवागमन ठप्प भएकोमा सडक खुलेसँगै गन्तव्यतर्फ लागेका थिए । हेटौंडा काठमाडौं जोड्ने यो सडकको मकवानपुर र काठमाडौंतर्फ हाल स्तरोन्नतिको काम भइरहेको छ ।

६२ बिगाहा क्षेत्रफलमा लगाईएको अफिम फँडानी

साझाकुरा संवाददाता

मकवानपुर, २१ माघ/ मकवानपुरको ग्रामीण क्षेत्रलमा लगाइएको अबैध लागूऔषध अफिम तथा गाँजा फँडानी गर्ने कार्यलाई प्रहरीले निरन्तरता दिएको छ । प्रहरीले १० दिनको अप्रेसनमा ६२ बिगाहा क्षेत्रफलमा लगाइएको अफिम र १६ कठ्ठामा लगाइएको गाँजा फँडानी गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार मकवानपुरको कैलाश गाउँपालिका र थाहा नगरपालिकामा लगाइएको अफिम तथा गाँजा फँडानी गरिएको हो । जिल्ला प्रहरी कार्यालयको मातहतमा ईलाका प्रहरी कार्यालय पालुङ र मनहरीको प्रहरी टोलीले अफिम र गाँजा फँडानी गरेको प्रहरी उपरीक्षक रिजालले बताए । प्रहरीले माघ ११ गतेदेखि २१ गतेसम्म गाँजा र अफिम फँडानी अभियान चलाएको थियो ।

मकवानपुरको ग्रामीण क्षेत्रमा अबैध लागूऔषध गाँजा र अफिम खेती भइरहेको प्रहरीले बताएको छ । ग्रामीण क्षेत्रमा लुकिछिपी निषेधित लागूऔषध खेती गर्ने किसानलाई पनि चेतावनी दिने गरिएको प्रहरीले जनाएको । तर, ग्रामीण क्षेत्रका किसानले भने पाखो बारीमा अन्नबाली तथा तरकारी खेती राम्रो नभएका कारण गाँजा र अफिम लगाइएको बताएका छन् ।

मनहरीमा उपाध्यक्ष कप भलिबल

हेटौंडा, २१ माघ/ मकवानपुरको पश्चिमक्षेत्रस्थित मनहरी गाउँपालिकामा प्रथम उपाध्यक्ष कप पुरुष भलिबल प्रतियोगिता हुने भएको छ । आइतबार मनहरी-७ स्थित रोटरी मार्केटमा पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी दिइएको हो ।

प्रतियोगिता माघ २३ गतेदेखि २६ गतेसम्म मनहरी-४ गोलघरस्थित पशुपतिनाथ माविको खेलमैदानमा सञ्चालन हुने जनाइएको छ । मनहरी गाँउपालिका खेल विकास समितिकोको आयोजना र मनहरी गाउँपालिकाको आर्थिक सहयोगमा खेल सञ्चालन हुने समितिका अध्यक्ष बीरु लामाले जानकारी दिए ।

कार्यक्रममा गाँउपालिका उपाध्यक्ष सीता पुलामी मगरले प्रतियोगीतमा प्रयोग हुने जर्सि समेत सार्वजनिक गरेकी थिइन् । प्रतियोगितामा नौवटा टिम सहभागी हुने आयोजकले जानकारी दिएको छ । प्रतियोगितामा प्रथम, द्वितीय हुने टिमले क्रमश नगद: ५० हजार, ३० हजारसहित शिल्ड, मेडल, प्रमाणपत्र प्राप्त गर्नेछ ।

मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल मिति २०८०।०९।१९ गते हे.उ.म.न.पा. वडा नं. १ हेटौंडा अस्पताल परिसरमा पार्किङ गरी राखेको अवस्थाबाट साँझ करिद ७:३० बजेदेखि ८:०० बजेको बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

मोटरसाइकल नम्बर: बा प्र-०३-००५ प ८२५७
मोटरसाइकल धनीको नाम: होराइजन अटो प्रा.लि., ऋणि रमेश वाईबा
मोटसाइकलको ब्राण्ड (नाम): बजाज पल्सर, २२० सीसी
मोटरसाइकलको रंग: कालो निलो
मोटरसाइकल बनेको वर्ष: सन् २०२३
चेचिस नम्बर: MD2A13EX4MCJ97424
इन्जिन नम्बर: DKXOMJ31719
सम्पर्क फोन नम्बर: ९८४५१७८३२८

मालपोत कार्यालय मकवानपुरबाट मिति २०८०/१०/१५ मा जारी भएको

नामसारीको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक: तिलक माया स्याङ्तान समेत-२ (विवाहित छोरी) *ज.ध.-भिम बहादुर वल्प तामां (बुवा)*
(बुवा-भिम बहादुर वल्व तामां/बाजे-मोहन सिं)

यसमा जिल्ला मकवानपुर साविक राक्सिराङ गाविस वडा नंबर २ को कि.नं. १५९, १६१, २०२, ३९८ र ४०४ को क्षेत्रफल क्रमश: ज.रो. ०-१३-१-१, १२-८-३-, ५-२-१-०, ६-८-३-० र १-४-०-० जग्गाको जग्गाधनि भीम बहादुर वल्व तामांको मिति २०५६/१२/०३ मा मृत्यू भएको, निज जग्गाधनीको पत्नी जस माया थिङको पनि मिति २०६७/१०/२८ मा मृत्यू भएको, जग्गाधनी भिम बहादुर वल्व तामां र निजकी पत्नीको तर्फबाट दुई छोराहरु जेठो तोक्सुर थिङ रहेकोमा निजको अविवाहित अवस्थामा नै २०६७/०९/१३ मा मृत्यू भईसकेको र कान्छो हस्त बहादुर थिङ भएकोमा निजको पनि २०५६/०३/१० मा मृत्यू भएको निजको पत्नी फूलमाया थिङ पतिको मृत्यू पश्चात २०५६ साल तिरै दोस्रो विवाह गरी गएको र निज हस्त बहादुर र फूलमायाबाट जायजन्म भएको एक मात्र छोरी निवेदक मध्येकी एक विष्णुमाया लामा भएको साथै जग्गा धनी र निजको पत्नीको एक मात्र छोरी निवेदक मध्येकी एक तिलक माया स्याङ्तान रहेकोमा अब उपरान्त हक खाने हामी तिलक माया स्याङतान र विष्णुमाया लामा दुई जना मात्र भएको र निज जग्गाधनी बुवा तथा निजकी पत्नी जसमाया थिङको पालनपोषण तथा काजकृया हामीले नै गरेको भनि हामी निवेदकहरुको नाममा संयुक्त नामसारी गराइ पाउँ भनि निवेदकहरुले मागदावी निवेदन पेश गर्नु भएकोमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको हकदारहरु अरु कोहि भए वा **जग्गाधनीको पालनपोषन अरुलेनै गरेको भए वा उल्लेखित जग्गामा अरु कोहि कसैको हकभोग भएको भए वा निवेदकको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए** यो सूचना प्रकाशित/जारी भएको **मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा** स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । **अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।**

मालपोत कार्यालय मकवानपुर

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरू:

☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
☞ हानिकारक धुवाँको असर नहुने ।
☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
☞ तत्काल खान मिल्ने ।
☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना